# गैरआवासीय नेपाली संघ
# निर्वाचन सम्बन्धी नियमावली २०१३
# (संशोधन २०१७ सहित)

**प्रस्तावना :**

गैरआवासीय नेपाली संघको विभन्न तहमा हुने निर्वाचन प्रकृयालाई सुव्यवस्थित, मर्यादित र समय सापेक्ष बनाउन वाञ्छनिय भएकोले गैरआवासीय नेपाली संघको विधानको दफा २१ बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्वाचन एवं मतदान सम्बन्धि कार्य सम्पादन प्रणाली व्यवस्थित गर्न यो निर्वाचन सम्बन्धि नियमावली बनाई जारी गरेको छ ।

१. **नाम र प्रारम्भ** :

यस नियमावलीको नाम "**गैरआवासीय नेपाली संघ निर्वाचन सम्बन्धी नियमावली २०१३ (२०१७ संशोधन सहित)**" रहने छ । यस नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषदले पारित गरे पछि लागु हुनेछ ।

२. **निर्वाचन समितिको गठन**

निर्वाचन सम्पन्न गर्न अन्तर्राष्ट्रिय समन्वय परिषदले विधानको उपदफा २१.१ मा उल्लेख भए बमोजिम निर्वाचन हुनु भन्दा कम्तिमा ३ महिना पहिले एक जना निर्वाचन आयुक्त सहित बढिमा ७ जना सदस्यहरु रहेको निर्वाचन समिति गठन गर्नेछ । निर्वाचन समितिले आवश्यकता अनुसार निर्वाचन समितिको सल्लाहकार वा अन्य प्राविधिक सहयोग गर्नका लागि सदस्यहरुको मनोनयन गर्न सक्ने छ । तर सल्लाहकार र यस्ता सदस्यहरुको समितिको निर्णय प्रकृयामा मताधिकार रहने छैन ।

३. **निर्वाचन समितिको काम कर्तव्य र अधिकार**:

निर्वाचन समितिलाई निर्वाचन सम्पन्न गर्नका लागि देहायका कार्यहरु सम्पन्न गर्ने अधिकार रहेको छ :

३.१ निर्वाचनलाई व्यवस्थित बनाउनको लागि विधान र नियमावलीको अधिनमा रही आवश्यक्ता अनुसार निर्वाचन आचारसंहिता, नियमहरु, कार्यविधी बनाउने ।

३.२ निर्वाचानको कार्यतालिका बनाई सचिवालयको कार्यालय तथा सञ्जालमा सूचना प्रवाह गर्ने ।

३.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले उपलव्ध गराएको मतदाता नामावली रुजु गर्ने र यसलाई वैधता दिने ।

३.४ अन्तर्राष्ट्रिय समन्वय परिषदको परामर्शमा मनोनयन शुल्क तोक्ने ।

३.५ मतदान सकिए पछि मतदान गरिएको मतको गणना गर्नको लागि आवश्यक कर्मचारीहरु तथा उमेदवारका प्रतिनिधिहरुलाई सहभागी गराउन सक्ने छ ।

३.६ आवश्यक परे कुनै पदहरुमा मतगणना दोहोऱ्याउन सक्ने छ ।

३.७ निर्वाचन सम्वन्धी कुनै विवाद आएमा वा अस्पष्टता भएमा निर्वाचन समितिको निर्णय नै अन्तिम मानिनेछ ।

३.८ निर्वाचन समितिका आयुक्त वा सदस्यहरु निर्वाचनमा उम्मेदवार हुन योग्य हुने छैनन्।

३.९ निर्वाचनको परिणाम घोषणा भए पछि पदाधिकारीले सपथ गरे लगत्तै निर्वाचन समिति भंग हुनेछ । भंग भएको घोषणा निर्वाचन आयुक्तले गर्नेछ ।

## ४. मतदाता नामावली र परिचयपत्र

४.१ अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भागलिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषदहरुले विधानको दफा १३.७ बमोजिम आफ्ना प्रतिनिधिहरु चयन गर्ने छन् । संघको विधानमा प्रावधान भए अनुसार १ हजार सम्म पंजिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक १० जना पंजिकृत सदस्य बरबार १ जना प्रतिनिधि (१०:१ को अनुपात) चयन गर्ने छ । एक हजार भन्दा बढी पंजिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक थप एक हजार सदस्यको लागि क्रमिक ४०:१, ८०:१, १२:१ संख्याको अनुपातमा संघको शंसोधित विधान २०१५ को अनुसूचि ६ मा दिईए बमोजिम थप प्रतिनिधिहरु चयन गर्ने छ ।

### अनुसुची - ६

### अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको संख्या

| पंजीकृत सदस्यको संख्या | अन्तर्राष्ट्रिय महाधिवेशन प्रतनिधिको संख्या |
|---|---|
| १,००० | १०० |
| २,००० | १२५ |
| ३,००० | १३८ |
| ४,००० | १४६ |
| ५,००० | १५२ |
| १०,००० | १७१ |
| १५,००० | १८१ |

| | |
|---|---|
| २०,००० | १८९ |
| ३०,००० | १९९ |
| ४०,००० | २०६ |

४.२ राष्ट्रिय समन्वय परिषदहरुले अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको समय भित्र तोकेको सदस्यता तथा अन्य अनिवार्य शुल्क सहित पञ्जिकृत सदस्यहरुको नामावली, महाधिवेशनको निर्वाचनमा भागलिने प्रतिनिधिहरुको नामावली र आईसिसि सदस्यको नामावली संघले उपलब्ध गराएको NRNA IMS (MIS) प्रणाली अनुसार गैरआवासीय नेपाली संघको सचिवालयमा अन्तर्राष्ट्रिय महाधिवेशन हुनुभन्दा १ महिना पहिले उपलब्ध गराई सक्नु पर्ने छ । NRNA IMS (MIS) प्रणाली बाहेक अन्य किसिमले प्राप्त प्रतिनिधिको नामावली मान्य हुने छैन ।

४.३ अन्तर्राष्ट्रिय महाधिवेशन र मतादानमा सहभागी हुनको लागि नीजले माथिको दफा ४.२ मा उल्लेख भएबमोजिमको पंजिकृत सदस्यता शुल्कका साथै अन्तर्राष्ट्रिय समन्वय परिषद्ले महाधिवेशनको लागि तोकेको दर्ता शुल्क अनिवार्य रुपमा बुझाएको हुनुपर्नेछ ।

४.४ राष्ट्रिय समन्वय परिषद गठन नभएका मुलुकहरुका व्यक्तिले माथिको दफा ४.३ बमोजिम दर्ता शुल्क तिरी पर्यवेक्षकको रुपमा महाधिवेशनमा भाग लिन पाउने छन् तर उनीहरुले निर्वाचनमा मतदान गर्न वा कुनै पनि पदमा उम्मेदवार बन्न पाउने छैनन् ।

४.५ गैरआवासीय नेपाली संघको सचिवालयले विभिन्न राष्ट्रिय समन्वय परिषदबाट आएको मतदान अधिकार सहितको प्रतिनिधीहरुको नामावली निर्वाचन समितिलाई निर्वाचन हुने मिति भन्दा १४ दिन अगाडि उपलब्ध गराइसक्नु पर्ने छ । उक्त नामावली निर्वाचन समितीले रुजु गरी दावा विरोधको प्रकृयामा लैजानेछ र वैधता दिनेछ ।

४.६ विधानको दफा १३.७ अनुसार वहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरुको मतदानको अधिकार स्वतः रहने छ । तर उनीहरुको गैरआवासीय नेपालीको हैसियत विधानको उपदफा ५.१ अनुसार कायम रहेको हुनु पर्नेछ र उनीहरुले पंजिकृत सदस्यता नविकरण गरी तोकेको सदस्यता शुल्क तिरेको हुनु पर्नेछ ।

४.७ योग्य मतदाताहरुलाई निर्वाचन समितिले एक मतदाता परिचयपत्रको व्यवस्था गर्ने छ । पर्यवेक्षकहरुलाई मतदाता परिचयपत्र भन्दा भिन्न खालको परिचयपत्रको व्यवस्था गर्ने छ । महाधिवेशन हलमा प्रवेश गर्न परिचयपत्र वा मतदानपत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ । मतदानमा भाग लिन यस परिचयपत्रको साथमा सम्वन्धित देशमा विधानको उपदफा ५.१ अनुसार बसोबास गरेको प्रमाणित हुने कागजाद देखाउनु पर्ने छ । यस्ता कागजातहरुमा राहदानी, त्यस देशको चालक अनुमतीपत्र, स्थायी बसोबास पत्र वा निर्वाचन समितिले तोकेको अन्य परिचयपत्रलाई मान्न सकिनेछ ।

## ५. निर्वाचित हुने पदहरुः

५.१ अन्तर्राष्ट्रिय महाधिवेशनमा संघको विधानको दफा २१.२ मा उल्लेख भए बमोजिम देहायका कूल १० पदहरुमा १७ तथा दश भन्दा कम एनसिसि भएका क्षेत्रमा १ जना र दश वा दश भन्दा बढी एनसिसि भएका क्षेत्रमा २ जना क्षेत्रीय उपसंयोजकहरुको संख्या अनुसार कार्यालय पदाधिकारीहरु र ६ जना क्षेत्रीय महिला उपसंयोजक र ६ जना क्षेत्रीय युवा उपसंयोजकको निर्वाचन सम्पन्न हुनेछः

| **सि.नं.** | **पद** | **पद संख्या** |
|---|---|---|
| १. | अध्यक्ष | १ |
| २. | उपाध्यक्ष | २ |
| ३. | महिला उपाध्यक्ष | १ |
| ४. | महासचिव | १ |
| ५. | सचिव | २ |
| ६. | कोषाध्यक्ष | १ |
| ७. | सह-कोषाध्यक्ष | १ |
| ८. | महिला संयोजक | १ |
| ९. | युवा संयोजक | १ |
| १०. | क्षेत्रीय संयोजक | ६ |
| ११. | क्षेत्रीय उपसंयोजक | कम्तिमा ६ (दश भन्दा कम एनसिसि भएका क्षेत्रमा १ जना र दश वा दश भन्दा बढी एनसिसि भएका क्षेत्रमा २ जना) । |
| | **पदाधिकारी संख्या** | **२३** |
| १२. | क्षेत्रिय महिला उपसंयोजक | ६ |
| १३. | क्षेत्रिय युवा उपसंयोजक | ६ |
| | **संख्या** | **१२** |
| | **कूल निर्वाचन हुने संख्या** | **३५** |

**द्रष्टव्य : गैरआवासी नेपाली संघको संशोधित विधान २०१५ को उपदफा १७.२ अनुसार क्षेत्रीय युवा उपसंयोजक र क्षेत्रीय महिला उपसंयोजकको हैसियत अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य सरह हुनेछ ।**

५.२ राष्ट्रिय समन्वय परिषदहरुले अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुनु भन्दा बढिमा ६ महिना र कम्तिमा एक महिना बाँकी रहने गरी आफ्नो मुलुकहरुमा राष्ट्रिय महाधिवेशन सम्पन्न गरी सोही महाधिवेशनबाट संघको विधानको अनुसुची ७ बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु चयन गर्नु पर्नेछ ।

५.३ राष्ट्रिय समन्वय परिषदबाट निर्वाचित भएका अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुले निर्वाचित भइसके पछि अनिवार्य रुपमा अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिई शपथ

ग्रहण गर्नु पर्नेछ । विशेष कारणबस (दुर्घटना आदि) उपस्थित हुन नसकेमा निर्वाचित सदस्य वा राष्ट्रिय समन्वय परिषदले कारण सहित अधिवेशन हुनु भन्दा पहिले सचिवालयलाई जानाकारी गराउनु पर्नेछ । अवस्था हेरी यसको निर्णय तत्कालिन अन्तर्राष्ट्रिय समन्वय परिषदले गर्नेछ ।

५.४ निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुले अनिवार्य रुपमा निर्वाचन समितिमा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको नयाँ शुरु हुने कार्यकालको सदस्यता शुल्क ५०० अमेरिकी डलर तथा यस कार्यकाल (सन् २०१७-०१९) को लागि मात्र संघको भवन निर्माण शुल्क वापत ५०० अमेरिकी डलर थप गरी कूल आइसिसि सदस्यता शुल्क १ हजार अमेरिकी डलर बुझाई आफ्नो नाम दर्ता गराउनु पर्ने छ । सो प्रकृया पछि महाधिवेशनले सदस्यहरुलाई वरण गर्ने छ । अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीका उम्मेद्वारहरुले उम्मेदवार मनोनयन शुल्कका साथ नयाँ कार्यकालको सदस्यता शुल्क ५०० अमेरिकी डलर र यस कार्यकालको लागि मात्र संघको भवन निर्माण शुल्क वापत ५०० अमेरिकी डलर थप गरी कूल आइसिसि सदस्यता शुल्क १ हजार अमेरिकी डलर निर्वाचन समितिलाई बुझाउनु पर्ने छ । निर्वाचित हुन नसक्ने उम्मेदवारहरुले बुझाएको १ हजार अमेरिकी डलर फिर्ता गरिने छ ।

५.५ क्षेत्रीय संयोजक, क्षेत्रीय उपसंयोजक, क्षेत्रीय महिला उपसंयोजक र क्षेत्रीय युवा उपसंयोजकहरुको निर्वाचन संघको विधानको उपदफा २१.२ मा उल्लेख भए बमोजिम सम्बन्धित क्षेत्रका महाधिवेशन प्रतिनिधिहरुबाट मात्रै हुने छ । अन्य पदहरु सबै महाधिवेशन प्रतिनिधीबाट निर्वाचित हुनेछन् ।

## ६. उम्मेद्वार बन्न चाहिने योग्यताः

६.१ अन्तर्राष्ट्रिय समन्वय परिषदको अध्यक्ष पदको लागि विधानको उपदफा १७.५.१ “अध्यक्ष पदका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको हुनुपर्ने छ” बमोजिम योग्यता पुगेको हुनु पर्नेछ ।

६.२ अध्यक्ष पद बाहेक अन्य पदाधिकारीहरुका लागि विधानको उपदफा १७.५.२ “अध्यक्ष बाहेकका अन्य पदाधिकारीहरुको लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ” बमोजिम योग्य हुनु पर्नेछ ।

६.३ अन्तर्राष्ट्रिय समन्वय परिषदको सदस्य पदको हकमा विधानको उपदफा १७.५.३ “अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको हुनुपर्ने छ” बमोजिम योग्य हुनु पर्नेछ ।

६.४ अन्तर्राष्ट्रिय समन्वय परिषदको कुनै पनि पदमा उम्मेद्वार बन्न गैरआवासीय नेपाली संघको विधान (२०१३ को संशोधन २०१५ सहित) को उपदफा ५.१ मा उल्लेख बमोजिम गैरआवासीय नेपालीको हैसियत कायम गरेको हुनु पर्ने छ । विधानको उपदफा ५.१ मा उल्लेख भए बमोजिम मनोनयन फारमका साथ सम्बन्धित देशमा दुई वर्ष भन्दा बढी बसोबास गरेको प्रमाणित हुने कागजात पेश गर्नु पर्ने छ । यस्तो कागजात पेश नगरेमा निजको उम्मेद्वारी स्वतः खारेज हुने छ । निर्वाचित सदस्य वा पदाधिकारीहरुको विधानको उपदफा ५.१ बमोजिम गैरआवासीय नेपालीको हैसियत नरहेमा नीजको पद स्वतः खारेज हुनेछ ।

६.५ उम्मेदवार बन्नकोलागि राष्ट्रिय समन्वय परिषदबाट महाधिवेशन प्रतिनिधी छानिएको हुनु पर्ने छ । चालू आईसिसिका सदस्यहरु वा पदाधीकारीहरु स्वतः महाधिवेशन प्रतिनिधी हुने भएकोले उनीहरु राष्ट्रिय समन्वय परिषदबाट चयन भएका प्रतिनिधी भित्र छानिएको हुनु पर्ने छैन् तर यस्ता पदाधिकारी वा सदस्यहरुको गैरआवासीय नेपाली संघको विधानको उपदफा ५.१ बमोजिम गैरआवासीय नेपालीको हैसियत कायम रहेको भने हुनु पर्नेछ ।

निर्वाचनमा उम्मेदवार बन्नको लागि सम्बन्धित कार्यकालमा पंजिकृत सदस्य भई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको सदस्यता शुल्क र अन्य शुल्क अनिवार्य रुपमा बुझाएको हुनु पर्ने छ ।

६.६ उम्मेद्वारहरुले संघको आचारसंहितामा लिखित प्रतिबद्धता गरी उम्मेद्वारी मनोनयन फारमका साथमा पेश गर्नु पर्ने छ । कुनै उम्मेद्वार राजनैतिक, जातिय वा धार्मिक संस्थाको कार्यकारी समितिको पदाधिकारी वा सदस्य पद धारण गरेको भए सो पद त्याग गरेको प्रमाण (राजिनामा वा स्विकृत) मनोनयन फारमका साथ पेश गर्नु पर्ने छ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको आचार संहिता पालना नगरी प्राप्त भएका मनोनयनका उपर प्रमाण सहित उजुरी परेमा निर्वाचन समितिले मनोनयन रद्द गर्न सक्नेछ । निर्वाचन भएपछि पनि माथि उल्लेखित पदहरु ग्रहण गरेको प्रमाणित भएमा अनुशासन समितिको सिफारिशमा निजलाई पदमुक्त गर्न सकिनेछ ।

## ७. निर्वाचन कार्य सम्पादन

७.१ निर्वाचन आयुक्तले निर्वाचनका निमित्त मतदानकालागि मिति समय र स्थान तोक्ने छ ।

७.२ निर्वाचन समितिले गैरआवासीय नेपाली संघको सचिवालयबाट मात्र मतदाता नामावली रुजु गरी उक्त नामावली उपर दावा विरोधको मौका दिई अन्तिम नामावली प्रकाशन गर्नेछ ।

७.३ नाम दर्ता गर्न चाहने उम्मेदवारहरुले निर्वाचन समितिले तोकेको दस्तुर सहित मनोनयन पत्र दाखिला गर्नु पर्ने छ । यस्ता व्यक्ति अन्तिम मतदाता नामावलीमा समावेश भएको हुनु पर्नेछ ।

७.४ निर्वाचन समितिले तोकेको दस्तुर सहित मनोनयन पत्र दाखिला गरेका उम्मेद्वारहरुले उम्मेद्वारी फिर्ता लिएमा निजले तिरेको मनोनयन दस्तुर फिर्ता हुने छैन् ।

७.५ नाम फिर्ता लिन चाहने उम्मेदवारहरुले निर्वाचन आयुक्तद्वारा तोकिएको समयमा तोकिए बमोजम सूचना दिइ आफ्नो नाम फिर्ता लिन सक्ने छन् ।

७.६ निर्वाचन आयुक्तले तोकिएको समयमा मतपत्र वितरण गर्ने छन् र मतदाताहरुले तोकिएको समय भित्र मतदान गरिसक्नु पर्ने छ । मतदान गर्ने मतपत्र कागजीय पद्दति (Hard Copy) अथवा विद्युतिय पद्दति (Soft Copy) मध्ये कुनै एउटा पद्दति अपनाउन सकिने छ ।

७.७ मत पत्रमा अनिवार्य रुपले निर्वाचन आयुक्तको हस्ताक्षर भएको हुनु पर्दछ । मत पत्र र मनोनयन पत्रको वैधताको निर्णय निर्वाचन आयुक्तबाट हुनेछ ।

७.८ अध्यक्ष तथा अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी पदमा सबै भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको घोषणा गरिने छ ।

७.९ क्षेत्रीय महिला उपसंयोजक र क्षेत्रीय युवा उपसंयोजक पदमा सबै भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको घोषणा गरिने छ ।

७.१० निर्वाचन कागजीय वा विद्युतिय प्रणालीद्वारा गोप्य मतदान गरिने छ ।

७.११ दुई उम्मेदवार वीच मत बराबर भएमा कार्यकालको बराबरको अवधिमा पालैपालो गरी गोला प्रथाको माध्यमबाट पहिलो र दोश्रो कालको लागि उम्मेदवारको पद ग्रहणको निर्णय गरिने छ ।

७.१२ विद्युतिय प्रणाली वा कागजीय पद्दतिबाट गरिने मतदानमा उम्मेदवारको नाम अंग्रेजी वर्णानुक्रम अनुसार क्रमबद्ध रुपमा राखिने छ ।

## ८. निर्वाचन सम्बन्धी आचार संहिताः

८.१ निर्वाचन सम्बन्धि जुनसुकै विषयमा देखिएको विवाद तथा अस्पष्टताको बारेमा निर्वाचन समिति आयुक्तले दिएको निर्णय नै अन्तिम हुनेछ ।

८.२ कुनै समूह वा प्यानलको आधारमा चुनाव लड्न वा समूहगत रुपमा मतको आव्हान गर्न वा प्रचार प्रसार गर्न पाइने छैन ।

८.३ निर्वाचन समितिले तोकेको आचारसंहिता र नियमावलीको उल्लङघन गर्ने उम्मेदवारको उम्मेदवारी रद्द गर्न सकिनेछ ।

८.४ निर्वाचन हुने स्थानमा निर्वाचनलाई प्रभाव पार्ने खालका प्रचार प्रसारका सामग्रीहरुको प्रयोग तथा भाषण आदि जस्ता कृयाकलापहरु गर्न पाइने छैन ।

८.५ निर्वाचनलाई प्रभाव पार्ने अन्य गतिविधी गर्न पाईने छैन ।

॥समाप्त॥

## निर्वाचन पत्र नमुना

गैरआवासीय नेपाली संघ (Non–Resident Nepali Association)

आठौं विश्व सम्मेलन २०१७ (8th Global Conference 2017)

पदाधिकारी निर्वाचन – ... असोज २०७४ (अक्टोबर २०१७) ............ गते...........साल

### मतपत्र (Ballot Paper)

आफूले छानेको उम्मेदवारको नामको अगाडिको ☐ कोठामा (✓ ) रेजा चिन्ह प्रयोग गर्नु होस् ।

Choose One कुनै एकलाई मत दिनु होस

अध्यक्ष (President) ☐
एबिसि नेपाल (ABC Nepal)
बिबिसी थर (BBC Thar) ☐
(उम्मेदवारको पहिलो नामको अग्रेजजी अल्फावेट अनुसार क्रमबद्ध गर्ने)

Choose Two कुनै दुईलाई मत दिनु होस

उपाध्यक्ष (Vice President)

☐

☐

☐

☐

Choose One कुनै एकलाई मत दिनु होस

महिला उपाध्यक्ष (Women Vice President)

☐

☐

☐

☐

☐

महासचिब (General Secretary) Choose One कुनै एकलाई मत दिनु होस

☐

☐

| | |
|---|---|
| सचिब (Secretary) | Choose Two कुनै दुईलाई मत दिनु होस |
| | ☐ |
| | ☐ |
| | ☐ |
| | ☐ |
| कोषाध्यक्ष (Treasurer) | Choose One कुनै एकलाई मत दिनु होस |
| | ☐ |
| | ☐ |
| | ☐ |
| सहकोषाध्यक्ष (Joint reasurer) | Choose One कुनै एकलाई मत दिनु होस |
| | ☐ |
| | ☐ |
| | ☐ |
| महिला संयोजक (Women Coordinator) | Choose One कुनै एकलाई मत दिनु होस |
| | ☐ |
| | ☐ |
| युवा संयोजक (Youth Coordinator) | Choose One कुनै एकलाई मत दिनु होस |
| | ☐ |
| | ☐ |

---

निर्वाचने आयुक्तको हस्ताक्षर
गैरआवासीय नेपाली संघ (Non–Resident Nepali Association)
आठौं विश्व सम्मेलन निर्वाचन २०१७ (8th Global Conference 2017)
पदाधिकारी निर्वाचन – ... असोज २०७४ ........... ( अक्टोवर २०१७ ..................)

**मतपत्र (Ballot Paper)**

आफूले छानेको उम्मेदवारको नामको अगाडिको ☐ कोठामा (✓) रेजा चिन्ह प्रयोग गर्नु होस्

एशिया प्रशान्त क्षेत्र (Asia Pacific Region)

क्षेत्रीय संयोजक (Regional Coordinator) Choose One कुनै एकलाई मत दिनु होस

☐

☐

क्षेत्रीय उपसंयोजक (Regional Deputy Coordinator) Choose One कुनै एकलाई मत दिनु होस

☐

☐

---

निर्वाचन आयुक्तको हस्ताक्षर

**मतपत्र (Ballot Paper)**

आफूले छानेको उम्मेदवारको नामको अगाडिको ☐ कोठामा (✓) रेजा चिन्ह प्रयोग गर्नु होस्

एशिया प्रशान्त क्षेत्र (Asia Pacific Region)

क्षेत्रीय महिला उपसंयोजक (Women Deputy Reg.Coordinator) Choose One कुनै एकलाई मत दिनु होस

☐

☐

क्षेत्रीय युवा उपसंयोजक (Youth Deputy Reg. Coordinator) Choose One कुनै एकलाई मत दिनु होस

☐

☐

---

निर्वाचन आयुक्तको हस्ताक्षर